आज मिति २०८२/०२/०९ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८१/०८२ को १८ औं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा निम्नलिखितको उपस्थितिमा बसी देहायका एजेन्डाहरूमा छलफल तथा निर्णय गरियो ।

उपस्थित

| क.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राईं | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | बाबुराम न्यौपाने | सचिव | |
| | **आमन्त्रित** | | |
| १५. | कमान सिंह के सी | लेखा अधिकृत | |
| १६. | अनिल आचार्य | प्रशासकीय अधिकृत | |
| १७. | शेखर प्रसाद घिमिरे | लेखापाल | |

बैठक संख्या: १८

मिति: २०८२/०२/०९ गते, शुक्रवार

**मिति २०८२/०२/०९ गतेको १८ औं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

| क सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | सत्रौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८१/०८२ को सत्रौं गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम सम्वन्धमा । | • आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम तयारीको लागि समिति गठन गर्ने र निर्देशन दिने। | |
| (३) | योजना संचालन तथा रकमान्तर सम्वन्धमा । | • प्रशासकीय भवन निर्माण प्रकृया अगाडी बढाउने ।<br>• LISP अन्तर्गतका योजनाहरुको विद्युतीय वोलपत्र आह्वान गरिएकोमा बाँकी रकमवाट सोही योजनासंगै सम्वन्धित कार्यहरु अगाडी बढाउने ।<br>• विभिन्न योजनाहरु रकमान्तर गर्ने । | |
| (४) | आर्थिक सहयोग सम्वन्धमा । | • आर्थिक अवस्था कमजोर भई उपचार गर्न नसकेका व्यक्ति, विपद् मा परेका परिवार, विभिन्न संघ संस्था र समुहलाई आर्थिक सहयोग उपलव्ध गराउने । | |
| (५) | विविध विषय | तपसिलका विविध समसामयिक विषयमा छलफल<br>• मेडिकल अधिकृत व्यवस्थापन सम्वन्धमा।<br>• विभिन्न कार्यक्रम तथा योजनाको बजेट व्यवस्थापन ।<br>• अन्य विविध | |

२०८२/०२/०९

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: ११

मिति: २०८२/०२/०९ गते, बुधबार

निर्णयहरू:

(१) आ.व.०८१/८२ को अघिल्लो गाउँपालिकाको बैठकको समीक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरू यथाशीघ्र कार्यान्वयनका लागि शाखा तथा वडाहरूमा पत्राचार गर्ने ।

(२) आ.व.०८२/८३ को नीति तथा कार्यक्रम तयारीको लागि नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने महत्वपूर्ण विषयहरू विषयगत समितिले तयार गरी २०८२ जेठ २४ गते भित्र गाउँपालिकामा पेश गर्ने र उक्त पेश भएका नीति तथा कार्यक्रम सहित आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तपसील बमोजिमको समितिले मस्यौदा गरी २०८२ जेठ मसान्तभित्र गाउँकार्यपालिकामा पेश गर्ने ।

तपसील:

| | | |
|---|---|---|
| बाबुराम न्यौपाने | प्र.प्र.अ. | संयोजक |
| कमान सिंह के.सी. | लेखा अधिकृत | सदस्य |
| चन्द्रमा शाक्य | प्रशासकीय अधिकृत | सदस्य |
| सुरेश पोखरेल | सदस्य | सु.प्र.अ. |
| शरद भण्डारी | सदस्य | रोजगार संयोजक |

(३)

- मालारानी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक प्रकृया अगाडी बढाउने ।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गतका योजनाहरूको विधुतीय बोलपत्र आव्हान गरिएका तपसील बमोजिमका योजनाहरूको बाँकी रकमबाट बोलपत्र र शिलबन्दि दरभाउपत्र आव्हानको लागि समय अभाव भएका कारणले कोटेशन मार्फत कार्य अगाडी बढाउने ।

तपसिल:

- जनता मा.वि.सोलहाल्ना शेयरवाल निर्माण वडा न १
- चैंदुली हरियाँगा देउराली मो.बा. वडा नं १
- मुढखोला कल्भर्ट निर्माण वडा नं २
- याम्रा सरभुड मो.बा. निर्माण वडा नं २
- बुढदेवीखोला कल्भर्ट निर्माण वडा नं ३
- गिरिचौर लिफ्ट खानेपानी वडा नं ३
- डाँडा पसल बाटो निर्माण वडा नं ४
- रामपानी वडा कार्यालय मो.बा.वडा नं ५
- कुमिकोट सिम झाक्रिस्थान मो.बा.वडा नं ५

तपसिलका योजनाहरू रकमान्तर गर्ने

तपसिल

वडा नं १ तर्फ:

प्रमुख प्रशासकीय अधिकृत

- नासिकोट खा.पा मर्मतमा विनियोजित बजेट बाट रु ५० हजार वडा कार्यालय भवन मर्मतमा रकमान्तर गर्ने ।
- लुक्का गैरा सिचाई पोखरी निर्माणमा विनियोजित रकमबाट रु १ लाख ५० हजार वडा कार्यालय भवन मर्मतमा रकमान्तर गर्ने ।

वडा नं २ तर्फः

- गाउँघर क्लिनिक व्यवस्थापनबाट रु २० हजार पालुकाथान भकुन्डे मो बा मा रकमान्तर गर्ने ।

अध्यक्ष विशेष तर्फः

- गुठकसेरी प्रतिक्षालयदेखि बंगला मो.बा सुधारको रु ५० हजार प्राथमिक स्वास्थ्य केन्द्र आँपघारी पोखरी निर्माणमा रकमान्तर गर्ने ।
- गैरा खानेपानी मर्मत तर्फ विनियोजित रकमवाट रु ५० हजार बुढा थाप्ला मन्दिर निर्माणमा रकमान्तर गर्ने ।
- टोप्रेखर्क मुर्दाघर मो वा मा विनियोजित रकम रु १ लाख ५० हजार र बाङ्गेलाकुरी मोटरवाटो तथा नाला निर्माणमा विनियोजित रकम रु १ लाख ५० हजार गरी जम्मा रु ३ लाख वाट रु १ लाख जनकल्याड आ.वि छाना मर्मत, रु १ लाख जिल्ला हुलाक कार्यालय देखि सुकमेली परियारको घरसम्म पक्की नाली निर्माण र रु १ लाख जिल्ला प्रहरी कार्यालय पछाडी देखि वाणीज्य वैंक सम्मा वाल निर्माणमा रकमान्तर गर्ने ।

मल्लरानी गाउँपालिकाको आ.व २०८१/०८२ को स्वीकृत बजेटमा पर्यटन तर्फ मल्लरानी पर्यटकीय क्षेत्र विकास शिर्षकमा विनियोजित रकम रु २ लाख ५० हजार बाट मल्लरानी पर्यटकीय क्षेत्र जाने वाटोमा स्वागत गेट निर्माण गर्ने ।

तपसिल बमोजिमका योजनाहरुको म्याद थपको लागि निर्माण व्यवसायीहरुको निबेदन प्राप्त भएकोमा सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावलि २०८२ को नियम १२० (क) बमोजिम म्याद थप गर्ने ।

तपसिलः

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | म्याद थप माग भएको अवधि |
|---|---|---|---|---|
| १ | MRM/NCB/077/78/15 | १५ शैयाको आधारभूत अस्पताल भवन निर्माण | महादेब खिम्ति/ पिपि लेकालि जे.भि. | २०८३ जेष्ठ मसान्त |
| २ | MRM/NCB/077/78/०६ | मल्लरानी पर्यटकीय क्षेत्र | बंगलामुखी /मल्लरानी /इशान जे.भि | २०८२ पुष मसान्त |

मल्लरानी गाउँपालिकाको आ व २०८१/०८२ को स्वीकृत बजेटमा पूर्वाधार तर्फ "सिउते कुंडारा चुंजा मो वा निरन्तरता वाडा नं २" शिर्षकमा बजेट विनियोजन भएकोमा "सिउते कुडारा मधुकरे जिमुरपानी

३ ... अधिकृत

राम्चे मोटरबाटो" नाम राखी ईस्टिमेट तथा कार्यसम्पन्न भएकोमा दुईबटा योजना एउटै भएकोले "सिउते कुँडारा चुँजा मो बा निरन्तरता बाडा नं २" शिर्षकबाट भुक्तानी दिने ।

४. आर्थिक अवस्था कमजोर भई उपचार गर्न नसकेका तपसिलका व्यक्ति, विपद् मा परेका परिवार, विभिन्न संघ संस्था र समुहलाई आर्थिक सहयोग उपलब्ध गराउने ।

- मल्लरानी गाउँपालिका वडा नं १ निवासी श्री पदम बहादुर भण्डारीको छोरा तुल बहादुर भण्डारीको गोठमा हावाहुरीले क्षती पुर्याएकोले रु ५ हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं १ निवासी तुल बहादुर भण्डारीको छोरा डालिन्द्र भण्डारीको घरमा हावाहुरीले क्षती पुर्याएकोले रु १० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं २ चुँजा निवासी पुना देवी के सी को दुवै मृगौला फेल भई उपचार भईरहेकोले रु १० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

५. तपसिलका विविध समसामयिक विषयमा छलफल

- मल्लरानी गाउँपालिका वडा नं ४ स्थित प्राथमिक स्वास्थ्य सेवा केन्द्र खलंगा प्यूठानमा मेडिकल अधिकृत अभावको कारण स्वास्थ्य सेवा प्रवाहमा असर परेकोले मेडिकल अधिकृत व्यस्थापनको लागि प्रकृया अगाडी बढाउने ।
- महिला जागरण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड खलंगा, प्यूठानलाई २०८१ फागुन २४ गते अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा कार्यक्रम संचालन गरेवापत रु १० हजार मात्र भुक्तानी उपलब्ध गराउने ।

अन्य विविध

- मृगौला प्रत्यारोपण गरेका, डाईलसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षघात भएका विरामिलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७८ अनुसार वडा कार्यालयवाट सिफारिस भई आएका तपसिलका लाभग्राहीलाई ज्येष्ठ महिनादेखि लागु हुने गरी उपचार खर्च वापतको रकम उपलब्ध गराउने।

तपसिल:

| | | |
|---|---|---|
| अञ्जल पुन | मल्लरानी ५ खैरा | क्यान्सर |
| शान्ता देवी पुन | मल्लरानी ४ | क्यान्सर |
| विष्णु कुमार श्रेष्ठ | मल्लरानी ३ | क्यान्सर |
| विकास पुन | मल्लरानी १ | डाईलसिस |

- मल्लरानी गाउँपालिकामा किसान सूचिकरण कार्यक्रम संचालन भई वडा नं १ देखि ५ सम्म का किसानको विवरण किसान सूत्रिकरण सम्वन्धी सफ्टवेयरमा सूचिकृत तपसिलका वडाहरुका किसानहरुको विवरण वडा समिति मार्फत पूर्ण विवरण भए/नभएको हेरी पूर्ण विवरण नभएकोलाई सूचना प्रकाशन गरी विवरण भर्न वा सच्याउन अनुरोध गर्ने र सोही वमोजिम प्रमाणिकरण गर्ने ।

तपसिल:

प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेमा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

- वडा नं. १ मा ५८२ जना
- वडा नं. २ मा ६३१ जना
- वडा नं. ३ मा ९३३ जना
- वडा नं. ४ मा ९०८ जना
- वडा नं. ५ मा ५११ जना

- आ व २०८१/०८२ मा कृषि विकास शाखा तर्फ स्वीकृत कार्यक्रम बाली उपचार सिविर मल्लरानी ५ दरभाने र वडा नं. ३ मुनडाँडामा संचालन गर्ने।
- मल्लरानी गाउँपालिकाको आ.व. २०८०/०८१ को लैङ्गिक उत्तरदायी बजेट परीक्षण प्रतिवेदन तयार गर्न परामर्श सेवा शिर्षकबाट खर्च हुने आवश्यक प्रकृया अगाडी बढाउने।
- यस मल्लरानी गाउँपालिकाको आ व २०८१/०८२ को स्वीकृत बजेटमा महिला बालवालिका शाखा तर्फ दलित प्रोत्साहन कार्यक्रमको लागि विनियोजित रकम रु १ लाख ५० हजार बाट सिलाईकटाई मेसिन व्यक्तिको २० प्रतिशत लागत साझेदारी हुने गरी खरिद र हस्तान्तरण गर्न आवश्यक प्रकृया अगाडी बढाउने।
- मल्लरानी गाउँपालिका वडा नं. ५ स्थित कुमिकोटको शहिदगेटमा गेटको नामाकरण तथा पेन्टिङको रकम रु ३६६०० (अक्षरुपी छत्तीस हजार छ सय रुपैयाँ मात्र) कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने।
- मल्लरानी गाउँपालिकाको रोजगार सेवा केन्द्र र प्राविधिक शाखामा रंग रोगन रकम स्टिमेट र कार्य सम्पन्न बमोजिम निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट उपलब्ध गराउने।

CamScanner

बाबुराम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner